## मानवीय कार्यमा महिलाको नेतृत्व स्वीकारौ

देशभरी अहिले मनसुन सकृय रहेको छ। मनसुनी बर्षाले गर्दा देशका विभिन्न स्थानमा बाढी पहिरो डुवानको समस्या भइरहेको छ। बाढी पहिरो तथा डुवान जस्ता प्रकोपले गर्दा कतिपय स्थानमा धनजनको क्षति समेत भइसकेको विवरणहरु आइरहेका छन्। हरेक वर्ष मनसुनको समयमा बाढी पहिरो र डुवानले ठुलो संख्यामा जनजिवन प्रभावित हुँदै आएको छ। बाढी पहिरो र डुवान जस्ता मनसुनी प्रकोप मात्र नभई आगलागी खडेरी र भुकम्प जस्ता प्रकोपको नेपालले हरेक वर्ष सामना गर्दै आएको छ। प्रकोपको हिसावले हेर्दा नेपाल जलवायू परिवर्तनको जोखिमको दृष्टिकोणले विश्व मै चौथो नम्बरमा, भुकम्पको जोखिममा ११ औं नम्बरमा, बाढीको ३० औं नम्बरको उच्च जोखिममा रहेको देश हो। हरेक वर्ष सडक दुर्घटना बाहेकका विपद्जन्य घटनामा औषतमा ९०० जनाले ज्यान गुमाउदै आएको तथ्याङ्क हामी माझमा छ। नेपालमा सडक दुर्घटनाबाट मात्र बर्षेनी २००० जनाले ज्यान गुमाउने गरेको तथ्याँक पनि छ। नेपालीहरु विभिन्न विपद्बाट हरेक वर्ष ६ लाख ४० हजार प्रभावित हुन्छन् भने ३० हजार घर क्षतीग्रस्त वा नष्ट हुने गरेको नेपाल विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन प्राधिकरणको तथ्याङ्क छ। यस्ता विपद्का घटनाले निम्त्याउने मानवीय संकटले गर्दा ब्यक्तिको स्वास्थ्य, सुरक्षा, सम्पत्ति र जिवनमा नै असर पुऱ्याइरहेको हुन्छ। यति मात्र हैन नेपाललाई विभिन्न महामारीहरुले पनि पटकपटक आक्रान्त बनाउँदै आएको तितो यथार्थ हामी सामु छ। विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को महामारीले १० औं हजार नेपालीहरुले ज्यान नै गुमाएको यथार्थ हाम्रो सामु ताजै छ।

यस्ता मानवीय संकटहरुको बेलामा सबैभन्दा बढि प्रभावित महिला, बालबालिका तथा जेष्ठ नागरिकहरु हुने गर्दछन्। नेपालको सन्दर्भमा भन्नु पर्दा त झन् पुरुषहरु कामको लागि घरबाहिर निस्कने र महिलाहरुले घर ब्यबहार चलाउनु पर्ने भएकाले विपद्जन्य घटनामा महिलाहरु र उनीहरुसँग रहने बालबालिकाहरु बढि प्रभावित हुने गर्दछन्। अझ विस्थापित भएर अस्थाई आवासमा बस्नु पर्दा उनीहरुको दैनिक जिवनयापनमा समेत निकै असर पर्ने गर्दछ। विस्थापित भएर बस्दा शिविरमा वा अन्य स्थानमा उनीहरुले आफ्नो घरको जस्तो वातावरण पाउदैनन्। अझ विपद्को समयमा सुत्केरी र गर्भवती महिलाहरुको आवश्यकता पनि अन्य प्रभावित भन्दा धेरै नै फरक हुने गर्दछ। विपद्ले जनजिवन प्रभावित पारेको बेला अरु सबै प्रभावितहरुको आवश्यकता र सेवालाई केही समय पछि धकेल्न सकिए पनि सुत्केरी र गर्भवती महिलाहरुको कुनै पनि आवश्कयतालाई पछि गरौंला भन्नु अमानविय व्यवहार हुन आउँछ। जस्तो सुकै ठुलो विपद् भए पनि सुत्केरी हुने समय आएका महिलाले चाहेर पनि विपद् पछि सुत्केरी हुलाँ वा गर्भवती महिलाको गर्भमा हुर्किएको बच्चालाई केही समय रोकेर राखौला भन्ने अवस्था हुदैन। यसैगरि महिनावारी हुने समयलाई पनि उनीहरुले अगाडि वा पछाडिधकेल्न सक्ने अवस्था हुँदैन ।।

महिलाको सामाजिक-आर्थिक अवस्था र प्रजनन् भुमिकाको कारणले महिलाको विशिष्ट आवश्यकताहरु हुने गर्दछ। मानविय संकटको समयमा उक्त पक्षहरुले महिला तथा किशोरीहरुलाई अझ बढी प्रभाव पारेको हुन्छ। साथै, मानविय संकटको समयमा महिला, किशोरी, बालबालिका, बृद्ध, अपाङ्गता भएका व्यक्तिहरु, गर्भवती तथा सुत्केरी महिला, स्तनपान गराउने महिला, सिमान्तकृत र पछाडि पारिएको वर्गलाई बहु-आयामिक असर पर्दछ। यस समयमा महिला, किशोरी र बालबालिकाहरु असमान रुपमा प्रभावित हुन्छन्, किनभने उक्त समयमा महिला, किशोरी तथा बालबालिका माथि लैङ्गिक हिंसाको जोखिम बढ्दछ र लैङ्गिक हिंसा प्रतिकार्य सेवाको सहज र पहुँचयोग्य उपलब्धता नहुँदा अझ जोखिम तथा प्रभाव बढ्दछ। यस अवस्थामा महिला तथा

किशोरीहरुको घरायसी तथा सेवामूलक कार्यबोझ बृद्धि हुन्छ । यस समयमा महिलाहरुलाई पारिवारिक तथा सामाजिक निर्णयप्रकृयाबाट बञ्चित गरिन्छ । यसैगरी, सेवाको सहज पहुँच र उपलब्धताको अभावमा महिला तथा किशोरीको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार हनन् हुन्छ । गर्भवती र स्तनपान गराउने आमाहरुलाई पोषणको अभाव हुन्छ । त्यस्तै, मानसिक स्वास्थ्यको विषयलाई जहिले पनि कम प्राथमिकतामा राखिन्छ तर यस किसिमको सहयोगले प्रभावित व्यक्तिमा भावनात्मक सहयोग पुऱ्याउनुको साथै विपद्ले मानसिक रुपमा पारेको समस्या कम गरी उक्त वातावरणसँग लड्ने प्रतिरोधात्मक क्षमता बृद्धि गर्न सहयोग पुऱ्याउँछ । महिला तथा सिमान्तकृत समुदायको विशेष आवश्यकता सम्वोधनका लागि महिलावादी विश्लेषण र संवेदनशिलता आवश्यक हुन्छ । जसका लागि स्व-प्रतिनिधित्व र महिलाको नेतृत्व आवश्यक छ ।

समुदायमा महिलाहरु तथा महिलाले नेतृत्व गर्ने संस्थाहरु द्वन्द तथा विपद्व्यवस्थापन जस्ता मानवीय सङ्कटमा अग्रपङ्तिमा रहेर काम गर्दछन् । जुनसुकै मानवीय सङ्कटको अवस्थामा महिला, बालबालिका तथा पछाडि पारिएको समुदायलाई बढी प्रभाव पर्ने गर्दछ । मुलधारको मानवीय सहायता कार्यमा लैङ्गिक हिंसा न्युनिकरण, महिलाको विशेष आवश्यकताको सम्बोधन, यौन तथा प्रजनन् स्वास्थ्य र महिलाको नेतृत्वले मुख्य स्थान पाइरहेको अवस्था हुदैंन तर महिलाको नेतृत्वले मानवीय सहायता कार्यलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गरी महिलाको जीवनलाई प्रभाव पार्ने सवालहरु सम्वोधनको लागि महत्वपुर्ण भुमिका खेल्दछ । महिलाहरुले मानवीय सहायताको क्षेत्रमा उद्दार, राहत, संकट पछिको अवस्था, प्रतिकार्य र सङ्कटको जोखिम न्यूनिकरण आदीमा महत्वपूर्ण योगदान पऱ्याएका छन् । यद्यपि, मानवीय सहायताको क्षेत्रमा महिलाले पुऱ्याएको योगदानको मुल्यांङ्कन भएको पाइदैन । समुदायमा रहेर अग्रपङ्तिमा काम गर्ने महिला र संस्थाहरुलाई मानवीय सहायताकर्मीको रुपमा पहिचान गरिएको छैन । मानविय सहायताको क्षेत्र भन्नाले अन्तराष्ट्रिय संघ संस्था र पुरुष नेतृत्वको क्षेत्र हो भन्ने बुझाई रहेको अवस्थामा महिला संस्थाले यस क्षेत्रमा पुऱ्याएको योगदानको मुल्याङ्कनका लागि मानवीय सहायताको नेतृत्वकर्ताको भाष्य नै रुपान्तरण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

नेपालकै सन्दर्भमा महिलाको आवश्यकतालाई मध्यनजर गरी मानवीय कार्यमा महिलाहरुले नेतृत्व लिँदै समुदाय स्तरमै विभिन्न कार्य गरेका छन् । जसका केही उदाहरण यहाँ प्रस्तुत गरिएको छ ।

वि.सं.२०६५ साल  भदौमा कोशी नदिमा ठूलो बाढी आएको थियो । उक्त बाढीका कारण हजारौं मानिस प्रभावित भएको उक्त प्रकोपमा विस्थापितहरुलाई विभिन्न स्थानमा अस्थाई रुपमा राखिएको थियो ।  विपद्को सामना गर्न सबै बन्दोबस्ती नभएको समयमा सबै प्रभावितहरुलाई एकै ठाँउमा राखेर राहत तथा उद्धारको ब्यवस्था गरिएको थियो । विपद्मा महिला तथा बालबालिका र विशेषगरि गर्भवती तथा सुत्केरी महिलाहरुको विशेष ध्यान राख्नुपर्छ भन्ने कुरा बुझेका WHRD, पारालिगल सहितका ९ वटा संघ संस्थामा आवद्ध महिलाहरुले मिलेर गर्भवती महिला र सुत्केरीलाई बिशेष प्राथमिकतामा राखेर काम गरेका थिए । गर्भवती र सुत्केरीको लागि इनरुवा अस्पतालको गोदाममा २१ वटा बेडहरु राखेर विशेष हेरचाह गरिएको थियो । सुत्केरीहरुलाई पोषिलो खाने व्यवस्था सहित कम्तिमा पनि १५ दिनसम्म राखेर घर पठाउँदा प्रभावित महिलाहरुले माया, सेवा, सुविधा पायौ भनेर घर फर्किएका थिए ।

बर्सेनी बाढीबाट प्रभावित हुने कैलाली जिल्लाको कैलारी गाँउपालिकामा विपद्को समयमा महिलाहरुले विभिन्न समस्या भोग्नु पर्दथ्यो । विपद्को समयमा सामुहिक रुपमा शिविरमा बस्दा उनीहरुको छटपटी र असजिलोलाई आफैं भोगे पछि कैलारी गाँउपालिकाकी संगिता चौधरीले महिलाको विशेष आवश्यकता सम्बोधनको लागि

पैरवी गर्न थालिन् । संगिताकै पहलमा विपद्को समयमा महिलाहरुलाई बस्नको लागि सुरक्षित आवासको आवश्कताको पैरवी गरे पछि कैलारी गाँउपालिकाले संगिताको वडामा सुरक्षित आवास भवन निर्माण गरिदिएको छ । अहिले विपद्को समयमा प्रभावित घरपरिवारका महिलाहरु त्यहि आवास गृहमा बस्छन् । पहिला जस्तो उनीहरुले डर र त्रासबाट गुज्रिनु नपर्ने र अहिले उनीहरुले सजिलो महसुस गरेका छन् । सुरक्षित आवासलाई थप सुविधायुक्त बनाउन संगिता निरन्तर पैरवी गरिरहेकी छन् ।

यस्तै, रुकुम जिल्लाकी रमा गौतम विपद्को समयमा उद्धार र प्रतिकार्यको काममा अग्रपंक्तिमा देखिने महिला मध्ये एक हुन् । महिला मावन अधिकाररक्षक संजालकी अध्यक्ष र नेपाल रेडक्रस सोसाइटी रुकुमकी सभाध्यक्षको जिम्मेवारीमा रहेकी उनी विपद्को समयमा नेतृत्व लिएर प्रभावितहरुका माँझ पुग्छिन् । विपद्को समयमा महिला तथा बालबालिकहरुको छुट्टै समस्या र आवश्यकता हुने कुरालाई उनले राम्रोसँग बुझेकिछन्, त्यसैले ती आवश्यकतालाई सम्बोधन गर्न जिल्लामा भएको श्रोत साधनको प्रयोग गर्न उनले पैरवी पनि गर्छिन् । रेडक्रसमा आवद्ध भएकाले मात्र रमा मानवीय कार्यमा सकृय भएकी होइनिन् कि रेडक्रसमा आवद्ध हुनु भन्दा धेरै अघि नै उनी मानवीय कार्यमा समर्पित थिइन् । मानवीय कार्यमा उनको लगाव र ज्ञान तथा नेतृत्व गर्ने क्षमताले उनलाई रेडक्रससँग आवद्ध हुन पुऱ्याएको हो । देशमा सशस्त्र द्वन्द्व उत्कर्षमा पुगेको बेला जन-प्रतिनिधि भएर रमाले महिला तथा बालबालिकाका सवाललाई स्थानीय तहबाट सम्बोधन गर्न बारम्बार आवाज उठाउन पहल गर्थिन् । पछिल्लो समयमा विपद्मा महिलाको बिशेष आवश्यकतालाई सम्बोधन गर्न राज्यसँग पैरवी गर्दै आफैं क्रियाशिल भएकिछन् । रमा भन्छिन्, 'महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआएकोले महिलाका मुद्धा र नेतृत्वलाई अझै स्वीकार गरिएको छैन ।'

पुर्व कोशीदेखि सुदुरपश्चिमसम्मका मानवीय कार्यमा नेतृत्व गरिरहेका यी माथि उल्लेख गरिएका पात्रहरु केही प्रतिनिधिमुलक उदाहरण मात्र हुन् । यस्ता सयौं महिलाहरुले केन्द्रदेखि स्थानीय स्तरसम्म यसरी नै विपद्को समयमा महिला तथा बालबालिकाको आवश्कतालाई विशेष सम्बोधन गर्दै समग्र प्रभावितहरुको लागि कार्य गर्दै आएका छन् । कोभिड १९ को महामारीको समयमा प्रभावितहरुको आवश्कतालाई सम्बोधन गर्न आफ्नो ज्यान नै जोखिममा राखेर हजारौं महिलाहरुले काम गरेका छन् । ती मध्ये सबैभन्दा महत्वपूर्ण कार्य मनोविमर्शकर्ताको थियो । जसले आफुलाई रोग सर्न सक्ने जोखिम मोलेर प्रभावितहरुको घर घरमा तथा विभिन्न क्वारेन्टाइनसम्म पुगेर मनोविमर्श सेवा दिएर त्यो समयमा मानिसहरुलाई सहयोग गरेका थिए । तर विडम्बना मानवीय संकटको समयमा यसरी काम गर्दा पनि मानवीय कार्य पुरुषहरुले मात्र गर्छन् भन्ने भाष्य निर्माण भएको छ । वर्ष २०२३ को मानविय कार्य दिवसको नारा #reallifeheros अर्थात वास्तविक जीवनका नायक रहेको छ । केही दिन अघि १९ अगस्टमा नेपालमा पनि यो विपद्को क्षेत्रमा सकृय ब्यक्ति र संघ संस्थाहरु माथि कै नाराको आधारमा विश्व मानवीय कार्य दिवस मनाएका छन् । उक्त दिवसको अवसरमा reallifeheros भनेर माथि उल्लेख गरिएका मानवीय कार्यमा सकृय महिलाहरुको पनि चर्चा र सम्मान हुन जरुरी छ ।

मानवीय कार्यमा सकृय सबैलाई सम्मान सहित नमन !

**रचना : मेनका क्षेत्री**